# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd

पत्र संख्या : २०७८/७९ – ११
चलानी नं. : ०३

CDS and Clearing Ltd.

मिति २०७८।४।३

श्री सम्पूर्ण राफसाफ सदस्य,

विषयः- आवश्यक व्यवस्था गर्ने सम्बन्धमा।

नेपाल सरकार द्वारा जारी आर्थिक अध्यादेश २०७८ मार्फत आयकर ऐन, २०५८ को दफा ९५(क) मा संशोधन गरि "उपदफा(२) को खण्ड (क) मा रहेका **"बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशत"** भन्ने शब्दहरूको सट्टा **"बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तिन सय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीन सय पैंसठ्ठी दिनभन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरू** राखिएकोले मिति २०७८ श्रावण १ गते देखि हुने सम्पूर्ण कारोबारहरुमा विक्रीकर्ता बासिन्दा प्राकृतिक व्यक्ति भएको खण्डमा उक्त कारोबारमा लाग्ने पुँजीगत लाभकर गणना गर्नका लागि अवलम्बन गरिएको विद्यमान व्यवस्थालाई परिमार्जन गरि देहाय बमोजिमको व्यवस्था गर्न गराउनहुन निर्देशित गरिन्छ।

१. लगानिकर्तालाई धितोपत्र विक्री गर्दा आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागतको भारित औसत सँगै विक्री गरेको धितोपत्रको स्वामित्व अवधि समेत स्वघोषणा गर्न लगाउने। यसरी स्वामित्व अवधि स्वघोषणा गर्दा देहाय वमोजिम गर्न लगाउने।

   क. विक्रीकर्ता ग्राहकलाई आफ्नो स्वामित्वमा मौज्दात रहेको धितोपत्रको कुल संख्या बराबरको पछिल्लो कारोबारहरू मध्ये बाट स्वामित्व हस्तान्तरण भएको मितिको आधारमा तीन सय पैंसठ्ठी दिन वा सो भन्दा पछाडी स्वामित्वमा प्राप्त भएका धितोपत्रको संख्या लाई अल्पकालीन (Short Term) तथा तीन सय पैंसठ्ठी दिन भन्दा अगाडी स्वामित्वमा प्राप्त भएका धितोपत्रको संख्या लाई दीर्घकालीन (Long Term) गरि दुई भागमा विभाजन गर्न लगाउने।

   ख. विक्रीकर्ताको स्वामित्वमा रहेको धितोपत्र गाभ्ने-गाभिने (Merger & Acquisition) गतिविधिका कारण कर छुट हुने भएमा कर छुट हुने संख्या समेत उल्लेख गर्न लगाउने।

   ग. यस विधि अनुसार विभाजन गरिएका धितोपत्रलाई लगानीकर्तालेपुँजीगत लाभकर गणनाका लागि आफ्ना राफसाफ सदस्यलाई आवश्यक विवरण प्रदान गर्दा लगानीकर्ताको स्वामित्वमा रहेको कुल संख्या बराबर स्वामित्व हस्तान्तरण भएका पछिल्लो कारोबारहरू मध्येबाट सबै भन्दा पुरानो मितिमा स्वामित्व हस्तान्तरण भएको कारोबारलाई पहिलो प्राथमिकतामा राखी संख्या उल्लेख गर्न लगाउने।

   घ. विक्रीकर्ताले विक्री गरेको धितोपत्रको संख्या कर छुट हुने कुल संख्या भन्दा बढी भएमा सो लगानीकर्ताको स्वामित्वमा रहेको कर छुट हुने धितोपत्रको संख्या दीर्घकालीन रूपमा स्वामित्वमा

रहेको संख्या भन्दा कम छ भने सो कुल दिर्घकालीन रूपमा स्वामित्वमा रहेको संख्याबाट कर छुट हुने संख्या घटाई बाकी संख्या लाई दीर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको रूपमा उल्लेख गर्न लगाउने।

ङ. विक्री कर्ताले विक्री गरेको धितोपत्रको संख्या कर छुट हुने कुल संख्या तथा कर छुट नहुने दीर्घकालीन रूपमा स्वामित्वमा रहेको संख्याको योगफल भन्दा बढी रहेको अवस्थामा बाँकी संख्यालाई अल्पकालीन रूपमा स्वामित्वमा रहेको उल्लेख गर्न लगाउने।

च. पुँजीगत लाभकर गणनाका लागि लगानीकर्ताले आफ्नो स्वामित्वमा रहेको धितोपत्रको बाँडफाँट गर्दा यस प्रकार गर्नु पर्छ।

विक्री गरेको धितोपत्रको संख्या = कर छुट हुने धितोपत्रको संख्या + दीर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या + अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या

उदाहरणका लागी कुनै लगानीकर्ताको स्वामित्वमा "क" भन्ने कम्पनीको १०० कित्ता धितोपत्र रहेको छ। मानौं सो १०० कित्ता मध्ये ५० कित्ता ३६५ दिन भन्दा बढी अवधि स्वामित्वमा रहेको थियो भने बाँकी ५० कित्ता ३६५ दिन भन्दा कम अवधि स्वामित्वमा रहेको थियो। उसले कुल ६० कित्ता धितोपत्र विक्री गरेको रहेछ भने कर प्रयोजनका लागि आवश्यक विवरण प्रदान गर्दा निम्न अनुसार विभाजन गर्नु पर्छ।

| विक्री गरेको धितोपत्रको संख्या | गाभ्ने-गाभिने गतिविधिका कारण कर छुट हुने संख्या | दिर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या | अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या |
|---|---|---|---|
| ६० | ० | ५० | १० |

मानौं उक्त लगानीकर्ताको स्वामित्वमा रहेको कुल धितोपत्र मध्ये १० कित्ताको कर छुट हुने रहेछ र उसले कुल ६० कित्ता धितोपत्र विक्री गरेको रहेछ भने कर प्रयोजनका लागि आवश्यक विवरण प्रदान गर्दा निम्न अनुसार विभाजन गर्नु पर्छ।

| विक्री गरेको धितोपत्रको संख्या | गाभ्ने-गाभिने गतिविधिका कारण कर छुट हुने संख्या | दिर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या | अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या |
|---|---|---|---|
| ६० | १० | ४० | १० |

मानौं उक्त लगानीकर्ताको स्वामित्वमा रहेको कुल धितोपत्र मध्ये ५० कित्ताको कर छुट हुने रहेछ र उसले कुल ६० कित्ता धितोपत्र विक्री गरेको रहेछ भने कर प्रयोजनका लागि आवश्यक विवरण प्रदान गर्दा निम्न अनुसार विभाजन गर्नु पर्छ।

| विक्री गरेको धितोपत्रको संख्या | गाभ्ने-गाभिने गतिविधिका कारण | दिर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या | अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या |
|---|---|---|---|
| ६० | ५० | ० | १० |

CDS and Clearing Ltd.

मानौं उक्त लगानीकर्ताको स्वामित्वमा रहेको कुल धितोपत्र मध्ये ६० कित्ताको कर छुट हुने रहेछ र उसले कुल ६० कित्ता धितोपत्र विक्री गरेको रहेछ भने कर प्रयोजनका लागि आवश्यक विवरण प्रदान गर्दा निम्न अनुसार विभाजन गर्नु पर्छ।

| विक्री गरेको धितोपत्रको संख्या | गाभ्ने-गाभिने गतिविधिका कारण | दिर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या | अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या |
|---|---|---|---|
| ६० | ६० | ० | ० |

२. लगानीकर्तालाई आफ्नो स्वामित्वमा रहेको धितोपत्रको स्वामित्व हस्तान्तरणको मितिको आधारमा अवधि वर्गीकरण गर्नका लागि सिडएससिले मेरो शेयर सफ्टवेयरमा आवश्यक व्यवस्था गरेकोले सो सफ्टवेयर प्रयोग गर्न लगाउने। सो का लागि आफ्ना ग्राहकलाई सु-सूचित गराउने आवश्यकता अनुसार तालीम दिने तथा सहयोग गर्ने।

३. लगानीकर्ताले मेरो शेयर मार्फत प्रविष्टि गरेको विवरण e-DIS को विवरण सँगै सम्बन्धित राफसाफ सदस्यको मेरो शेयर पोर्टलमा प्राप्त हुने व्यवस्था गरिएकोले सो विवरण डाउनलोड गरि आफ्नो ब्याक-अफिस सफ्टवेयरमा अपलोड गर्ने। मेरो शेयर प्रयोग नगर्ने विक्रीकर्ताको हकमा संलग्न बमोजिमको फारममा विवरण स्वघोषणा गर्न लगाई सो विवरण आफ्नो ब्याक-अफिस सफ्टवेयरमा प्रविष्टि गर्ने।

४. राफसाफ सदस्यले माथि उल्लेख गरिए बमोजिम लगानीकर्ताले स्वघोषणा गरेर प्रदान गरेको धितोपत्रको विवरणलाई पूँजीगत लाभकर गणना गर्नका लागि सिडिएसिले प्रदान गरेको राफसाफ तथा फछ्यौट प्रणाली(CNS)मा प्रत्येक विक्रि कारोवारमा कर छुट हुने संख्या, दिर्घकालीन स्वामित्वको संख्या तथा अल्पकालीन स्वामित्वको संख्या अनिवार्य रूपमा उल्लेख गरि प्रविष्टि गर्ने।

५. यसरी विवरण प्रविष्टि गर्दा आफ्नो ब्रोकर ब्याक-अफिसमा सफ्टवेयरमा पहिला प्रविष्टि गरि सो सफ्टवेयर बाट सिडिएससिले प्रदान गरेको ढाँचामा फाईल तयार गरि अपलोड गर्ने व्यवस्था गर्ने।

लगानीकर्तालाई मेरो शेयर मार्फत आफूले विक्री गरेको धितोपत्रको स्वामित्व सम्बन्धी विवरण स्वघोषणा गर्ने तरिका बारे सूचित गराउँदा तथा तालिम प्रदान गर्दा संलग्न बमोजिमको म्यानुअल प्रयोग गर्ने।

<u>बोधार्थः</u>

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरबार प्लाजा, काठमाडौं ।

भवदीय,

..................

कन्चन सापकोटा

प्रमुख- निक्षेप तथा राफसाफ शाखा

CDS and Clearing Ltd.